सम्पादकीय

# भूमे साप्ताहिक

वर्ष ६ अङ्क ४० असार ०८ आईतबार

# विपद् व्यवस्थापनमा भूमे गाउँपालिका अग्रसर

रुकुमपूर्व, जुन नेपालको एक पहाडी जिल्ला हो, वर्षेनी बाढी, पहिरो, चट्याङ, आगलागीजस्ता विपद्को चपेटामा पर्छ। यस जिल्लाको सिस्ने, भूमे र पुथा उत्तरगंगा गाउँपालिकाका बस्तीहरू कतै भीरको पाखामा छन् त कतै खोला र नदी किनारमा रहेका छन्। बर्सात सुरू भएसँगै ग्रामीण जनजीवन त्रासमा बाँच्न बाध्य छन्। यस्तो अवस्थाले एउटा गम्भीर प्रश्न उठाउँछ– के हामी अझै पनि विपद्पछि मात्रै सक्रिय हुने, कि अब पूर्वतयारीमै केन्द्रित हुने? जसको लागि भूमे गाउँपालिका जोखिमयुक्त बस्तीहरुलाई पहिचान गरि तयारी अवस्थामा रहेको छ।

विपद् व्यवस्थापनको साँचो आधार भनेको पूर्वतयारी हो जहाँ भूमे गाउँपालिका अग्रसर रहेको छ। समयअगावै जोखिमको मूल्याङ्कन, सतर्कता र चेतना टोल-टोलमा नागरिक समक्ष सूचना प्रवाह गरेको छ। भूमे गाउँपालिकाका मात्रै नभई जिल्लाका धेरै बस्तीहरू अघिल्लो वर्ष पहिरोको उच्च जोखिममा परेका थिए।

हिजो मात्रै नभई विगत दशकभर विपद्का घटनाहरूले सिकाएका छन्। पूर्वतयारी नगरेसम्म प्रत्येक वर्ष जनधनको क्षति नदोहोरिएला भन्ने कुनै ग्यारेन्टी छैन। विपद् नियन्त्रण गर्न सकिँदैन, तर व्यवस्थापन भने गाउँपालिकाले गरि सकेको छ। पालिकाले हरेक वडामा विपद् जोखिम क्षेत्र निर्धारण गरि सकेको छ। युवा, महिला, रेडक्रस वा स्वास्थ्य स्वयंसेवक समावेश गरेर स्थानीय तहमा विपद् टोली समेत खताउने योजना बनाएको छ।

अब समय आइसकेको छ – विपद्पछि सस्तो कम्बल र चामल बाँडेर सरकारको धर्म पुरा भएको घोषणा गर्ने भन्दा पनि भूमेले विपद्अघि गाउँ–गाउँमा चेतना, तयारी र संरचना पुऱ्याउने छ यो भने सकरात्मक सन्देश हो।
अन्तमाः वर्षातको समयमा नदिको किनार जोखिमयुक्त स्थानहरुबाट सजक बनौं ।



प्रकाशक

भूमे गाउँपालिका
गाउँ कार्यपालिकाको
कार्यालय

खाबाङबगर, रुकुम (पूर्व)
लुम्बिनी प्रदेश नेपाल

# गुरिल्ला दौडमा को – को बने च्याम्पियन




❖ *सासाहिक संवाददाता*

रोल्पाको थबाङ गाउँपालिका र रुकुमपूर्वको भूमे गाउँपालिकाले संयुक्त रूपले आयोजना गरेको छैटौं गुरिल्ला ट्रेल म्याराथन दौड प्रतियोगिताको पुरुष तर्फ थबाङ-१ का मनकुमार रोका मगर प्रथम स्थान हासिल गर्नुभएको छ। असार ३ गते भूमे–६ महतबाट सुरु गरिएको ५५ किलोमिटर गुरिल्ला दौड प्रतियोगिताको पुरुषतर्फ रोकामगरले ७ घण्टा ५९ मिनेटमा उक्त दूरी पार गर्दै प्रथम हुनुभएको हो। यसैगरी सोलुखुम्बुका किरण कुलुङ राईले निर्धारित गरिएको दूरीलाई ८ घण्टा २२ मिनेटमा पार गरी दोस्रो हुनु हो। भने भूमे–३ क्याङ्सीका शक्तिराम रोकामगरले ८ घण्टा २२ मिनेट १५ सेकेन्डमा दूरी पार गर्दै तेस्रो हुनुभएको थियो। यस्तै चौथो स्थान थबाङ–२ का शिरिस रोका, पाँचौंमा भूमे–६ महतका रामकुमार बुढामगर, छैंटौं सिस्ने–४ का पञ्चराम बुढा, सातौंमा रुकुम पश्चिमका दुर्गाराज बुढा, आठौंमा भूमे–१ लुगुमका हिकामन पुन, नऔंमा भूमे–१ कै जानकुमार पुन र सोही वडाकै माइकल पुन दसौं स्थान हासिल गर्नु भएको छ।

यसैगरी महिला तर्फ भूमे गाउँपालिका–२ का प्रिया पुनमगर प्रथम हुनु भएको छ। पुनले निर्धारित गरिएको दूरीलाई १३ घण्टा २४ मिनेट पार गरी प्रथम हुनु भएको हो। यस्तै बाग्लुङका यमुना घर्तीमगरले १३ घण्टा ५७ मिनेटमा निर्धारित दूरी पार गरी दोस्रो हुँदा कमला बुढामगरले १४ घण्टा ५२ मिनेटमा दूरी पार गरी तेस्रो स्थान हासिल गर्नुभएको छ भने सृष्टि रोकामगरले १५ घण्टा २३ मिनेटमा निर्धारित दूरीलाई

पारी चौथो हुनुभएको छ।५५ किलोमिटर दूरीको दौड प्रतियोगितमा पुरुष २४ र महिला ४ गरी २८ जनाको प्रतिस्पर्धी रहेको थियो।५५ किलोमिटर दूरीमा भएको दौड भूमे–६ महत–नइमाक्याङ–लाबा–हुलबाङ–थोरबाङ–गलचोल–घमचिन–चिल्गा–जलजला–सालबछिडा–थरपु–तेलखोलापुल–जन्तरे–गुराँसे–धाप्का–पोरपोछिडा–झुरबाख हुँदै थबाङ सम्मको दूरी निर्धारित गरिएको थियो। पुरुष र महिलाको एउटै रुढ, उही दूरी र समान पुरस्कार राशी रहेको दौडमा स्थान हासिल गर्ने खेडालीलाई प्रथम, दोस्रो, तेस्रो र सान्त्वना हुनेलाई समान क्रमशः नगद ७० हजार, ४५ हजार, २५ हजार, १५ हजार र ५ हजार रुपियाँ सहित कप, मेडल, प्रमाण पत्र प्रदान गरिएको भूमे गाउँपालिकामा कार्यरत नायब सुब्बा चेतन बुढामगरले जानकारी दिनुभयो।भने छैटौं देखि दशौं स्थान सम्म हासिल गर्ने महिला-पुरुषलाई नै नगद ५-५ हजारको साथमा मेडल, प्रमाण पत्र प्रदान गरिएको बुढामगरले बताउनुभयो।रुकुमपूर्व र रोल्पा जिल्लालाई समेटेर जनयुद्धका गुरिल्ला हिँडेको बाटोमा धावकलाई दौडाइएको हो।

# मध्यपहाडी लोकमार्गको नाली सफा, यातायात सञ्चालनमा

❖ ***किस्मत शेर्पाली***

अबिरल वर्षाका कारण अवरुद्ध भएको मध्यपहाडी लोकमार्गको रुकुम पूर्व खण्डमा नाली र सडक सफा गरी सवारी सञ्चालन पुनः सुरु गरिएको छ।भूमे गाउँपालिका–१ पञ्चासेदेखि पातिहाल्नासम्मको सडक खण्डमा पहिरोसँगै ढुंगा र माटो थुप्रिएपछि सवारी आवागमन ठप्प भएको थियो।अवरुद्ध सडक खुलाउन प्रमुख जिल्ला अधिकारी (प्रजिअ) रुद्र प्रसाद न्यौपानेको नेतृत्वमा जिल्ला प्रहरी कार्यालय, सशस्त्र प्रहरी बल र अन्य सुरक्षाकर्मी परिचालन गरिएको थियो।



जिल्ला प्रशासन कार्यालयका अनुसार भूमे गाउँपालाको स्काभेटरको प्रयोग गरेर माटो र ढुंगा हटाइ सडक खुलाइएको हो।सडक सञ्चालनमा आएपछि स्थानीय बासिन्दा तथा सवारी चालकहरूले राहत महसुस गरेका छन्।प्रजिअ न्यौपानेले वर्षायाममा बारम्बार पहिरो र नाली जाम हुने समस्या देखिने भएकाले पूर्वतयारीसहित तत्कालीन व्यवस्थापन प्रणाली मजबुत बनाउनु आवश्यक रहेको बताउनुभयो।

# पाँचौँ भूमे सांस्कृतिक महोत्सव सम्पन्न, भूमे–७ धर्मशालाले जित्यो भूमे नाच




❖ जयमान बुढामगर

रुकुमपूर्व भूमे गाउँपालिकाले आयोजना गरेको पाँचौं भूमे सांस्कृतिक महोत्सव सकिएको छ। भूमे पर्वको अवसर पारी असार २ गते देखि खाबाङ बगरमा आयेजना गरिएको पाँचौं भूमे महोत्सव शुक्रबार सकिएको हो। पाँचौं भूमे महोत्सवमा विभिन्न विधिका नाच र गीतको प्रतिस्पर्धा गरिएको थियो। जसमा भूमे नाचमा भूमे–७ धरमशाला प्रथम स्थान हासिल गरेको छ। भने सोही वडाकै गुनाम दोस्रो, भूमे–२ काँक्री तेस्रो र भूमे–६ महत सान्त्वना स्थान हासिल गरेको छ।

भूमे नाचमा प्रथम हुने समूहलाई नगद एक लाख, दोस्रो हुने समूहलाई नगद ७५ हजार, तेस्रो हुनेलाई नगद ५० हजार र सान्त्वना हुनेलाई नगद ३० हजार सहित कप र प्रमाण पत्र पुरस्कार प्रदान गरिएको आयोजकले जनाएको छ।

यसैगरी सिंगारु नाचमा सिस्ने गाउँपालिका३ को समूह प्रथम भएको हुँदा सिस्ने ६ दोस्रो, भूमे ३ झुम्लाबाङ तेस्रो र सिस्ने ६ कै अर्को समूह सान्त्वना स्थान प्राप्त गरेका छन्। मयुर नाचमा सिस्ने २ प्रथम, भूमे २ खाबाङ दोस्रो, सिस्ने ५ तेस्रो र त्रिभुवन मावि भूमे २

खाबाङ सान्त्वना स्थान प्राप्त गरेका हुन्। यसैगरी फाङ्क नाचमा भूमे ३ क्याङ्सी प्रथम, भूमे ६ महत दोस्रो, भूमे १ लुगुम तेस्रो र भूमे ३ सिमा सान्त्वना स्थान प्राप्त गरेका छन्। लस्के गीत तर्फ भूमे ३ क्याङ्सी प्रथम, भूमे ७ धर्मशाला दोस्रो, भूमे ३ सिमा तेस्रो र भूमे २ खाबाङ सान्त्वना स्थान प्राप्त गरेका हुन्। झोरेल्नी नाचमा प्रथम भूमे ६ महत भएकोमा भूमे ३ क्याङ्सी दोस्रो भएको छ। यस नाचमा दुई समूहको मात्र प्रतिस्पर्धा भएको थियो। नचारु नाच तर्फ भूमे ३ क्याङ्सी प्रथम हुँदा भूमे ६ महत दोस्रो र भूमे ३ सिमा तेस्रो भएका छन्।

ढोङ्गे/नचारु नाच, मयुर नाच, डिग्रे/पैसेरु नाचमा प्रथम, दोस्रो, तेस्रो र सान्त्वना हुनेलाई क्रमशः नगद २५ हजार, १५ हजार, १० हजार र ५ हजार रुपियाँले पुरस्कृत गरिएको छ। भने फाङ्क नाच, झोरेल्नी नाच, सिङ्गारु नाच र लस्के गित प्रतियोगितामा प्रथम, दोस्रो, तेस्रो र सान्त्वना हुने समूहलाई क्रमशः नगद १० हजार, ७ हजार, ५ हजार र ३ हजार रुपियाँ पुरस्कार प्रदान गरिएको थियो।

भूमे गाउँपालिका अध्यक्ष होमप्रकाश श्रेष्ठको अध्यक्षतामा भएको समापन कार्यक्रमको प्रमुख अतिथिमा जिल्ला समन्वय समितिका प्रमुख मेघबहादुर श्रेष्ठको रहेको कार्यक्रममा गाउँपालिकाका उपाध्यक्ष सविना बुढामगर, वडाध्यक्षहरु लगायतको उपस्थिति रहेकोमा कार्यक्रमको सञ्चालन गाउँपालिकामा कार्यरत नायब सुब्बा चेतन बुढामगरले गर्नु भएको थियो।

# गाउँपालिकाको आर्थिक सहयोगमा आधारभूत पत्रकारिता तालिम सुरु



❖ *साप्ताहिक संवाददाता*

भूमे गाउँपालिकाको आर्थिक सहयोगमा तथा नेपाल पत्रकार महासंघ रुकुम पूर्वको आयोजनामा "समाचार लेखन तथा उद्घोषणा तालिम" बिहीबारबाट सुरु भएको छ। भूमे गाउँपालिकाको सभाहलमा सुरु भएको उक्त तालिम असार १० गतेसम्म सञ्चालन हुनेछ।

तालिमको उद्घाटन समारोहका प्रमुख अतिथि तथा भूमे गाउँपालिकाका अध्यक्ष होमप्रकाश श्रेष्ठले तालिमको उद्घाटन गर्दै रुकुम पूर्व जिल्लामा नयाँ संरचना, नयाँ पत्रकारिता अभ्यास, र नयाँ सञ्चार माध्यमहरुको सुरुवातसँगै यहाँको प्रचारप्रसार र खबरदारीको दायित्व आमसञ्चार माध्यम र पत्रकारहरूमाथि थपिएको बताउनुभएको छ। अध्यक्ष श्रेष्ठले भूमे गाउँपालिकाले नयाँ पुस्ताका पत्रकार उत्पादन तथा सशक्तिकरणका लागि यस्तो कार्यक्रम आयोजना गरेको उल्लेख गर्दै

सीप विकासमा निरन्तर साथ दिने प्रतिबद्धता जनाउनुभएको छ। उहाँले भन्नुभयो, “पत्रकारिता पेशा केवल समाचार लेख्ने काम होइन, सामाजिक रूपान्तरणको शक्तिशाली माध्यम पनि हो, तालिम राम्रोसँग सिक्नुहोस् शुभकामना छ।”

कार्यक्रमका विशेष अतिथि तथा भूमे गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत देबीलाल विकले पत्रकारिता क्षेत्र पारदर्शिता र सुशासनको आधार भएकाले यसलाई सुदृढ बनाउनु पर्ने खाँचो औंल्याउनुभयो। उहाँले सकारात्मक पत्रकारिताको अभ्यास आवश्यक रहेको उल्लेख गर्दै भन्नुभयो, “पत्रकारहरूले समाजका राम्रा काम र अभ्यासहरूलाई पनि उजागर गर्नुपर्छ, केवल आलोचना र दोष मात्रै खोज्ने शैलीबाट पत्रकारिता अगाडि बढ्न सक्दैन।”

नेकपा माओवादी केन्द्र लुम्बिनी प्रदेश समिति सदस्य रुपधन कामीले पत्रकारिताले वाक स्वतन्त्रता र विचारको अभिव्यक्तिलाई संस्थागत बनाउने योगदान दिएको बताउनुभयो। उहाँले १० वर्षे जनयुद्धले स्थापित गरेका अधिकारहरूमध्ये अभिव्यक्ति स्वतन्त्रता महत्वपूर्ण उपलब्धि भएको उल्लेख गर्दै भन्नुभयो, “सीमान्तकृत वर्गको आवाज बुलन्द गर्न पत्रकारले अग्रसर भूमिका खेल्नुपर्छ, पछिल्लो समय जातीय विभेद तथा विभिन्न हिंसाजन्य कुराहरू फरक तरिकाले मौलाएको छ।”

प्रेस सेन्टर नेपाल रुकुम पूर्वका अध्यक्ष जयमान बुढा मगरले पत्रकारिता समाजको ऐना भएको चर्चा गर्दै उपस्थित प्रशिक्षार्थीहरूलाई तालिमलाई गम्भीरतापूर्वक लिन आग्रह गर्नुभयो। “गाउँपालिकाले बजेट र समय छुट्याएर यस्तो सीपमूलक कार्यक्रम आयोजना गरेको छ, त्यसको सही सदुपयोग गर्नुपर्छ, अनि मात्रै लक्ष्यमा पुगिन्छ” उहाँले भन्नुभयो।

तालिम उद्घाटन सत्रमा भूमे गाउँपालिकाका सूचना अधिकारी प्रेम प्रसाद भट्टराई, प्रशिक्षक तथा बरिष्ठ पत्रकार गणेश सिर्पाली, पत्रकार महासंघ रुकुम पूर्वका पदाधिकारीहरू तथा प्रेस सेन्टरका प्रतिनिधिहरूको पनि उपस्थिति रहेको थियो।

तालिम उद्घाटन समारोहको अध्यक्षता नेपाल पत्रकार महासंघ रुकुम पूर्वका अध्यक्ष बशन्त बाँठा मगरले गर्नुभएको थियो। उहाँले उद्घाटन सत्रको समापन गर्दै तालिमले विशेषतः नयाँ पत्रकारितामा रुचि राख्ने युवाहरूको क्षमता अभिवृद्धिमा सकारात्मक प्रभाव पार्ने अपेक्षा राख्नुभएको थियो। अध्यक्ष बाँठाले आर्थिक सहयोगका लागि भूमे गाउँपालिकालाई धन्यवाद दिँदै प्रशिक्षक तथा सहभागी सबैलाई सफल तालिमको शुभकामना दिनुभएको छ।

तालिमका प्रमुख प्रशिक्षक तथा बरिष्ठ पत्रकार गणेश सिर्पालीले सहभागीहरूलाई समाचार लेखनको प्रविधि, संरचना, समाचारको कोण, तथ्य परीक्षण, हेडलाइन निर्माणदेखि उद्घोषण कलासम्मका विविध पक्षमा व्यावहारिक ढंगले प्रशिक्षण दिइरहनुभएको छ।

तालिम उद्घाटन सत्रको सञ्चालन नेपाल पत्रकार महासंघ रुकुम पूर्वका सचिव निराजन सिर्पालीले गर्नुभएको थियो। ६ दिनसम्म सञ्चालन हुने उक्त तालिममा भूमे गाउँपालिकाको ९ वटा वडाबाट १३ जना प्रशिक्षार्थीहरूको सक्रिय सहभागिता रहेको छ।

# थरीथरी गीत, थरीथरी नाच

❖ *महेश केसी*

रुकुम पूर्व, लुम्बिनी प्रदेशको एक मात्र हिमाली जिल्ला। यहाँका विशेषगरी जनजातिको मौलिक भाषा, कला र संस्कृतिले जोकोहीलाई पनि तान्छ। बस्ने घरदेखि लगाउने पोसाक अनि भाषामा त विविधता छ नै, यहाँका दर्जन बढी मौलिक गीत र नाचको पनि छुट्टै पहिचान छ ।



गीतका लयमा मिसिएको संगीत अनि अनेकन् नाचले जोकोहीको मन तान्छ। संगीतको लहरोमा दर्शक–श्रोता मज्जैले बाँधिन्छन् । यहाँका सर्जक तथा मौलिक गीत–संगीतका अध्येता तिलक रोका भन्छन्, 'रुकुम पूर्वका तीन गाउँपालिकाहरू भूमे, पुथाउत्तरगंगा र सिस्नेमा आ–आफ्नै गीतका भाका र नृत्यका ताल छन् ।' उनका अनुसार, गीतमध्ये पहिलो हो– लस्के।

पहिलो टुक्का उठाउने, दोस्रो फर्काउने अनि फेरि तेस्रो उठाएर चौथो फर्काउने गरेर जम्मा चार टुक्काको यो गीत रुकुम पूर्व र रोल्पाका जनजाति महिला तथा पुरुषले मौका पर्दा बाह्रैमास गाउँछन्, रमाउँछन्। अर्को गीत छ– फाक। खासगरी दसैं–तिहार, चैतेदसैं र राँके संक्रान्तिमा गाइने यो गीत दुई टुक्काको हुन्छ। यो पनि महिला–पुरुष दुवैले गाउँछन्। त्यसपछि आउँछ नानिला गीत।

विशेषगरी पुथाउत्तरगंगातिर गाइने यो गीत ४ टुक्काको हुन्छ । सँगसँगै बाह्रैमास हुने विभिन्न रमाइला जमघटमा गाइने दुई टुक्काको यानीमाया, साइँली बरै/साइँली जी र मायाली अनि चार टुक्काको साइँली गीत पनि यस भेगमा प्रचलित छ। यहाँका मगर समुदायले बर्सेनि भव्यताका साथ मनाउने भुम्या पर्वका बेला गाइने छुट्टै गीतहरू छन्। भुम्याका लागि फूल टिप्न जाने बेला चौतारामा औंला फाटेर अनि लेकका फूलको नाम लिएर गाउने भाका हो– चा सराल्ने गीत। अनि भुम्या पर्वका बेला फूल टिप्ने बेला नेपालैमा गीत गाइन्छ भने फूलका नामहरू

भूमे साप्ताहिक
संस्कृति ८

वर्ष ६ अङ्क ४० २०८२ असार ०८
आईतबार

भन्दै न्याहो गीत गाइने रोका बताउँछन्। उल्लेखित १२ थरी गीतका भाकामध्ये यानीमायाबाहेक अरू सबै गीत आफूले संकलन गरेर रेकर्ड गरेको रोकाको भनाइ छ। 'अघिल्लो पुस्तामा यी गीतबारे राम्रोसँग थाहा भए पनि पछिल्लो पुस्तामा बेवास्ता बढ्दै जान थालेकाले म संग्रह गर्ने काममा लागेको हुँ,' उनले भने, 'पछिल्लो समय बिस्तारै यी गीतले ठाउँ पाउन थालेका छन्, यसको निरन्तरता जरुरी छ।'

यस प्रकारका विभिन्न भाका र गीतसँगै यस भेगमा नृत्य पनि थरीथरीका छन्। पहिलो हो– भूमे नाच। हरेक वर्ष जेठ सुरुदेखि असार पहिलो सातासम्म विधिपूर्वक मनाइने यो चाडमा भूमिको पूजा गरिन्छ अनि माथि उल्लिखित भाकाहरू गाउँदै भूमे नाच नाचिन्छ। रोकाका अनुसार यो नाचमा २२ चाल हुन्छन्। तर पछिल्लो समय सबै चालमा भने नाचिँदैन किनभने यसबारे ज्ञानको दायरा नै साँघुरो हुँदै गएको छ। अर्को छ नचारु नाच। पुरुषहरू मात्र नाच्ने यो नाच जीवन र युद्धकलासँग जोडिएको छ। यो चैतेदसैं, राँके संक्रान्ति वा दसैंमा औपचारिक फुकुवा गरेर नाचिन्छ र यो नाचको २२ पनि चाल हुन्छन्।

# पूर्वगोर्खाले बनाइदिए भूमे मञ्च

रुकुम पूर्व – मध्यपहाडी लोकमार्ग भएर बागलुङतर्फबाट रुकुम पूर्व प्रवेश गरेलगत्तै पुगिन्छ लुगुम गाउँ। स्थानीय भाषामा 'लुगुम' भनिने यो गाउँलाई सरकारी अड्डाले भने 'लकुम' भनेर चिन्छ। पक्की तथा फराकिलो सडकको छेउमा रहेको गाउँको नजिकै नाचीमा पूर्वगोर्खा सैनिक वीरप्रसाद घर्ती मगरले झन्डै ५० लाख रुपैयाँ खर्चेर ठूलो मञ्च बनाइदिएका छन्। भूमे स्थानीय मगर समुदायको ठूलो चाड हो। १ जेठदेखि हरेक साँझ भूमे नाच्ने र १ असारमा



'भूमे देवता' को पूजा गरिन्छ। त्यसपछिको एक सातासम्म मनाइने यो चाडमा लुगुम गाउँको नाच्ने स्थानलाई 'नाची' भनिन्छ। यही नाचीमा घर्तीले आफ्नै खर्चमा नाच्न मिल्ने र नाच हेर्न मिल्ने मञ्च बनाइदिएका हुन्। घर्तीले बनाइदिएको मञ्चलाई 'भूमे मञ्च' नामकरण गरिएको छ। घर्तीले १७ वर्ष (२०४५ देखि २०६२ सम्म) बेलायतको गोर्खा पल्टनमा र १२ वर्ष (२०६८ देखि २०८० सम्म) बेलायती सेनामा बिताए। बेलायतमा रहँदा नै उनले पैसा पठाएर भूमे नाच्ने ठाउँलाई फराकिलो बनाउने काम सुरु गराएका थिए। 'म बेलायतमा रहँदा त्यहाँको मिनाक थियटरको डिजाइन मन पर्‍यो।

अनि यस्तै डिजाइनमा नाचीलाई विकास गर्ने सोच बनाएर काम सुरु गरें। पहिला १५/१६ लाखको अनुमान थियो, सोच र योजना पनि फराकिलो बन्दै गएपछि काम र बजेट दुवै बढ्यो,' उनले भने, 'यो मञ्चमा रेलिङसहित जम्मा १७ वटा खुड्किला छन्। खासगरी भूमे नाचिने भएकाले यसको नाम नै हामीले भूमे मञ्च राखेका छौं।'

छेउको जारी खोलाबाट आएको पानीलाई सदुपयोग गरेर यो मञ्चको तलपट्टि सानो झरना जस्तो बनाएर कपडा धुन र नुहाउन मिल्ने धारासमेत बनाइएको छ। यसले स्थानीयलाई सहज भएको छ।

काम सुरु गरेको झन्डै ३ वर्षसम्म आइपुग्दा हालसम्म करिब ९० प्रतिशत काम भएको र अब रंगरोगनको काम मात्र बाँकी छ। मञ्चको उत्तरपश्चिमतर्फ लुगुम गाउँ छ भने, उत्तर पूर्वतर्फ सिउखार पार्क रहेको छ।

करिब सय वर्ष पुराना अग्ला धुपी सल्लाको सानो वन नै सिउखार पार्क हो। घर्तीले मञ्चबाट उक्त पार्क हुँदै मध्यपहाडी लोकमार्गसम्म जाने बाटो पनि निर्माण गरिदिएका छन्। जसले गर्दा आवतजावतमा पनि सहज भएको स्थानीय दिलचन बुढा घर्तीले बताए। 'पहिला त यहाँ नाच्ने ठाउँ साँघुरो र सामान्य थियो। अब भने यस्तो राम्रो भयो। यहाँको यो कामले मौलिक संस्कृतिलाई संरक्षण गर्न ठूलो टेवा पुगेको छ।'

व्यक्तिगत रूपमा यति ठूलो लगानी गरेर संरचना निर्माण गरिदिने घर्तीको परिवार भने अहिले पनि बेलायतमै बस्छ। श्रीमती र दुई छोरामध्ये जेठो छोरा बेलायती सैनिकमा भर्ती भएका छन् भने कान्छो छोरा उतै पढाइ सकेर जागिर गरिरहेको उनले बताए। घर्ती भन्छन्, 'बेलायती सेनाबाट रिटायर्ड भएर नेपाल आएपछि उता गएकै छैन। यही कामले गर्दा पनि गाउँमै छु। अब जन्मभूमिमा रहेर गाउँठाउँको सेवा गर्दै रमाउने सोच छ, हेरौं समयले कता लैजान्छ।'

# वैदेशिक सहायता परिचालन

**१.वैदेशिक सहायता परिचालनमा अन्तरतह स्वामित्व र समन्वयलाई सुदृढ बनाई सहायताको दक्षतापूर्वक उपयोग गर्न वैदेशिक सहायता परिचालन नीति, २०८२ ले गरेको प्रक्रियागत व्यवस्था उल्लेख गर्नुहोस्।साथै वैदेशिक सहायताका परिचालनमा प्रदेश र स्थानीय तहले निर्वाह गर्ने भूमिकासमेत उल्लेख गर्नुहोस्।**

❖ वैदेशिक सहायता परिचालनः नेपालको विकासमा योगदान भन्ने दूरदृष्टिसहित वैदेशिक सहायता परिचालन नीति, २०८२ जारी भएक।यस नीतिले वैदेशिक सहायता परिचालनमा देखापरेका पछिल्ला प्रवृत्तिलाई सम्बोधन गर्ने प्रयास गरेको छ।नेपालको संघीय शासन प्रणालीमा वैदेशिक सहायता परिचालन गर्दा देहायबमोजिम गर्ने भनी नीतिमा उल्लेख गरिएको छ।अनुदान सहायता, नेपाल सरकारको दायित्व अन्तर्गतको ऋण सहायता र प्राविधिक सहायताका हकमा अर्थ मन्त्रालयले वित्तीय सम्झौता गरी कार्यान्वयनको लागि प्रदेश र स्थानीय तहमा पठाउने,प्रदेश र स्थानीय तहको अनुरोधमा परिचालन हुने ऋणको सम्झौता गर्दा नेपाल सरकारले सम्बन्धित स्थानीय तहसँग सहायक ऋण सम्झौता गरी बजेटमार्फत कार्यान्वयनका लागि पठाउने र आवश्यकता अनुसार एस्क्रो एकाउन्टमार्फत ऋणको साँवा ब्याज भुक्तानीको व्यवस्था गर्न सक्ने,

**२. आन्तरिक राजश्व विभागले सम्पादन गर्ने प्रमुख कार्य उल्लेख गर्दै विभागले प्रशासन गर्ने मुख्य कानुनको सूची तयार गर्नुहोस्।**

❖ नेपालमा आन्तरिक राजस्वको व्यवस्थापन र परिचालन गर्न अर्थ मन्त्रालय मातहत रही कार्य गर्ने विभाग आन्तरिक राजस्व विभाग हो।यस विभागले नेपाल सरकारको कुल राजस्वको आधा भन्दा बढी हिस्सा राजस्व सङ्कलन गर्ने गर्छ।विभागका प्रमुख कार्य र विभागले प्रशासन गर्ने कानुन देहायबमोजिम रहेका छन्।

**३. स्थानीय तहको सार्वजनिक वित्त व्यवस्थापनका सम्दर्भमा के कस्ता समस्या देखिएका छन् ?समस्याको सूची तयार गर्नुहोस्।**

सार्वजनिक स्रोतको प्राप्ति, विनियोजन, उपयोग, अनुगमन, मूल्याङ्कन र पृष्ठपोषणसमेतका क्रियाकलाप व्यवस्थित गर्ने कार्यलाई सार्वजनिक वित्त व्यवस्थापन भनिन्छ।यसमा सार्वजनिक स्रोतको प्राप्ति, विनियोजन, उपयोग, अनुगमन तथा मूल्याङ्कनलाई व्यवस्थित बनाउन तर्जुमा गरिने नीति, कानुन, योजना, बजेट, कार्यक्रम र सोको कार्यप्रणाली व्यवस्थित गर्नेलगायत विविध विषय समावेश हुन्छन्।स्थानीय तहमा सार्वजनिक वित्त व्यवस्थापनमा देखा परेका प्रवृत्तिहरू यस प्रकार छन्।

**स्थानीय तहको सार्वजनिक वित्त व्यवस्थापनमा देखिएका समस्याहरू** : आवधिक योजना र मध्यमकालीन खर्च संरचनाबिना नै बजेट विनियोजन हुने,आन्तरिक आय एवं राजस्वको प्रक्षेपण यथार्थपरक हुन नसकेको,आन्तरिक आयस्रोतको पर्याप्त आधार बेगर राजस्व छुट दिने गरिएको,समयमै बजेट पेस र पारित नहुने, बजेट अवण्डा राख्ने कार्यबाट बजेट अनुशासन कमजोर रहेको, वर्षान्तमा खर्च गर्दा खर्चको गुणस्तरमा प्रश्न उठ्ने गरेको, प्रशासनिक खर्चमा मितव्ययिता नआएको,अनुत्पादक तथा वितरणमुखी कार्यक्रममा खर्च हुने,अनुदानको प्रभावकारिता मापन र मूल्याङ्कन नहुने,आयोजनाको प्राथमिकीकरण नगरी तदर्थवादी तवरले आयोजना र कार्यक्रम छनोट हुने गरेको, ससाना टुक्रे आयोजना छनोट गरी स्रोत छर्ने प्रवृत्ति रहेको,सङ्घीय तथा प्रदेश सरकारबाट प्राप्त अनुदानको उद्देश्यपरक खर्च नहुने,जटिल संरचनाको कार्य पनि उपभोक्ता समितिबाट गराउने प्रवृत्ति देखिएको,सार्वजनिक स्रोतसाधन र सम्पत्तिको दुरुपयोग हुने गरेको, लेखाङ्कन, प्रतिवेदन र आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको,आन्तरिक लेखापरीक्षण समयमा हुन नसकेको,बेरुजु फर्स्योटमा तदारुकता नदेखाएको।

# कोदो खेति गर्ने उन्नत प्रबिधि



कोदो नेपालमा उत्पादन हुने अन्न बालीहरु मध्ये धान, मकै र गहुँ पछिको चौथौ महत्वपुर्ण बाली हो। आर्थीक बर्ष २०७१ ७२ को कृषि तथ्यांङ्क अनुसार २,६८,०५० हेक्टर जमीनमा कोदो खेती गरिएको थियो भने यसको बार्षिक कूल उत्पादन ३०८४८८ मेट्रिक टन र उत्पादकत्व १.१५ टन प्रति हेक्टर भएको थियो। यो परिणाम नेपालको कूल खाद्यान्न उत्पादनको ३.८१ प्रतिशत हुन आउँछ। नेपालको मध्य पहाड कोदो उत्पालन हुने प्रमुख क्षेत्र हो। यस क्षेत्रमा मकैमा घुसुवा बालीको रुपमा कोदोको खेती गरिन्छ। र कतै कतै सुख्खा जमीनमा एकल बालीको रुपमा पनि लगाईएको पाइन्छ।

बिशेषगरी देशको पूर्वी र मध्य भागको पहाडी क्षेत्रमा घुसुवा बालीको रुपमा र पश्चिमी भेगको पहाडी क्षेत्रमा एकल बालीको रुपमा कोदोको खेती गरिन्छ तापनी यसको क्षेत्रफल अत्यन्त न्यून छ। विश्वमा कोदो बालीको बार्षिक उत्पादन करिव ४५ लाख मेट्रिक टन हुन्छ। बिश्वका २५ भन्दा पछि अफ्रिकी र एसियाली देशहरुमा कोदोको खेती गरिन्छ भने कोदो उत्पादन गर्ने मुख्य देशहरुमा भारत , युगाण्डा र चिन हुन।

श्रोत थाहा नभए पनी २०४५ सालमा दक्षिण एशियाली क्षेत्रिय सहयोग सगंठन भित्र सचांलन

गरिएको जातीय परीक्षण मार्फत यो जात प्राप्त भएको थियो। तत् पश्चात निरन्तर रुपमा नेपाल कृषि अनुसन्धान परिषद् अन्तर्गतका बिभिन्न अनुसन्धान संस्थाहरुको सहकार्यको परीक्षणबाट प्राप्त आंकडा अनुसार पहाडीबाली अनुसन्धान कार्यक्रम, काब्रे, दोलखाले उन्मोचनको लागी प्रस्तावना पेश गरि राष्ट्रिय बिउबिजन उन्मोचन समितिले २०७२ सालमा काब्रे कादो–२ नामको जात नेपालको पहाडी क्षेत्रको लागी सिफरीस गरेको हो।

## जातिय पहिचान तथा बिशेषता

यस जातको बोटको औषत उचाई ९० सेन्टि मिटर तथा लगाउने स्थान बिशेष अनुसार १२८– दिन भित्र पाक्ने गर्दछ। या जातको बोटको आख्लां र गुच्छाको औंलाको रगं फुल्ने बेलामा हरियो तर पाक्ने समयमा औंलाहरु बिस्तारै हल्का खैरो रगंमा परिणत भई भित्रपट्टि घुम्रिएका हुन्छन।

त्यसै गरि यसको एउटा गुच्छामा औषत ६ वटा औंलाहरु हुन्छन र तिनको लम्बाई ६ से.मि. हुन्छन। यो जातको दानाको रङ्ग फिका रातो र अन्य जातको भन्दा केहि ठुलो हुन्छ। साथै यो जातले सुख सहने, नढल्ने, औंला र घाटीमा लाग्ने मरुवा र पातमा लाग्ने थोप्ले रोग सहन सक्दछ। समुद्रि सतहबाट ७०० मिटर देखि १८०० मिटर सम्म उचाईको मध्य पहाडी क्षेत्रको लागी सिफारिस गरिएता पनि यो जात तराई तथा भित्री मधेशमा पनि खेति गर्न सकिन्छ।

**हावापानी :** यो जात मध्य पहाडी क्षेत्रको भिराला पाखाहरुमा बर्षे बालीको रुपमा लगाउन सकिन्छ। यसले सुख्खा सहन सक्ने भएकोले यसको खेतिका लागी धेरै पानी चाहिदैन तर बढी उत्पादनका लागी एक दुइ पटक सिंचाई गर्नु राम्रो हुन्छ।

सामान्यतया उपोष्ण हावा पानी भएको, बार्षिक बर्षा ७५ देखि १०० मि.मि. र तापक्रम ११ देखि २७ डिग्री से. हुने स्थानमा यो जातको खेती उपयुक्त मानिन्छ। तर अधिक बर्षा हुने ठाउंहरुमा रोग लाग्न सक्ने भएकोले पानीको निकासको राम्रो प्रबन्ध मिलाउनु पर्दछ।

**माटोः** यसको सफल खेतिका लागी हल्का बलौटे र पानी नजम्ने पाँगो दोमट माटो उपयुक्त मानिन्छ। माटोको पि. एच. ५ देखि ८.२ सम्म यसको लागी उपयुक्त मानिन्छ। बढी उब्जनीका लागी उन्नत जात र स्वस्थ बीउको छनौट गर्नु पर्दछ।

त्यसैले बीउको छनौट गर्दा ठुलो, पोटिलो, कीराले नखाएको, रोगका दाग नभएको, अन्य झारपातको बीउ र बेजातको बीउ नमिसिएको र ७५ प्रतिशत भन्दा बढी उमारशक्ति भएको बीउ छान्नु पर्दछ। प्रति एकाई क्षेत्रफलमा बोटको सख्यां उचित भएमा राम्रो उत्पादन हुने हुंदा गुणस्तरिय बीउको छनौट हुनु आवश्यक

भूमे साप्ताहिक
कृषि

वर्ष ६ अङ्क ४० २०८२ असार ०८ आईतबार



छ। बीउमको मात्रा, बीउको आकार प्रकार, छर्ने समय, छर्ने तरिका, माटोमा चिस्यानको मात्रा साथै बीउको शुद्धता, उमारशक्ति, जीवितपन आदी अनुसार फरक पर्ने भएता पनि साधारणतया १० के.जि. प्रति हेक्टर र ५०० ग्राम प्रति रोपनी बीउको आबश्यकता पर्दछ।

कोदोको बीउ राख्ने र रोप्ने समय हावापानी र मौसमको आधारमा स्थान अनुसार फरक पर्दछ। साधारणतया कोदो रोप्नु भन्दा १ महिना पहिले बीउ राख्नु पर्दछ  र ३०–३५ दिनको कोदोको बेर्ना रोप्न उपयुक्त हुन्छ। पहाडी बाली अनुसन्धान कार्यक्रम काब्रे, दोलखामा गरिएको अनुसन्धानमा मध्य पहाडी क्षेत्रमा असार महिनाको पहिलो सातामा लगाइएको कोदोले राम्रो उत्पादन दिने र त्यसभन्दा पहिले रोपेको कोदोको नल धेरै हुने पाइएको छ।

मध्य पहाडी क्षेत्रमा कोदोखेती गर्दा भौगोलिक अवस्थाको आधारमा असार देखि श्रावण महिना सम्म रोप्ने गरिन्छ। सामान्यतया मकै बाली भित्र घुसुवा बालीका रुपमा कोदो लगाईने भएकाले मकै बारी भित्र कोदालीले माटो पल्टाएर झारपात सफा गरेपछि कोदोको बेर्ना रोप्ने प्रचलन छ।

तर एकल बालीको रुपमा कोदो खेति गर्न हलो वा ट्याक्टरले एक दुइ पतटक राम्ररी जोते पछि डल्ला फोरेर झारपात हटाएर जमिनको तयारी गर्नु पर्दछ। कोदो रोप्न माटो मसिनो र मिहिन बनाउनु पर्दैन तर कोदोको बीउ छरेर छरुवा खेति गर्नका लागी भने माटोलाई मसिनो बनाउनू नै उपयुक्त हुन्छ। कोदो खेति गरिने जमिनमा पानी जम्ने अवस्था आउन नदिन पानीको निकासको राम्रो प्रबन्ध मिलाउनु पर्दछ।

अन्य बाली जस्तै कोदोको बृदि र बिकासका लागी पनि मलखादको आवश्यकता पर्दछ। बिशेषगरी कोदो खेती गर्दा प्रयोग गर्नु पर्ने मलखादको मात्रा लगाउने जात, माटोको प्रकार र बाली लगाउने तरिका आदी कुराहरुमा निर्भर गर्दछ। तसर्थ माटोको परिक्षण गराएर मात्र माटोमा अपुग तत्वहरु उपयुक्त मात्रामा प्रयोग गर्नु सबैभन्दा राम्रो हुन्छ।

पहाडीबाली  अनुसन्धान कार्यक्रम , काब्रे दोलखाले कोदो खेतीका लागी युरिया ३.६७ किलो ग्राम , डि.

ए .पी ३.२६० किलो ग्राम , पोटास १.६६६ किलो ग्राम र २० –२५ डोका प्राङ्गारीक मल प्रति रोपनीका दरले प्रयोग गर्न सिफारीस गरेको छ।

यसरी मल प्रयोग गर्दा पोटास र डि.ए.पी. को पुरै मात्रा र युरियाको आधा मात्रा मल जमीनको अन्तीम तैयारीको समयमा प्रयोग गर्नु पर्दछ र युरियाको बाकी आधा मात्रा गाँज आउने समयमा टपड्रेस गर्नु पर्दछ। नेपालको धेरै स्थानहरुमा मकै छर्दा प्राङ्गारीक मल प्रयोग गर्ने र कोदो रोप्दा मल प्रयोग नगर्ने चलन भए पनि कोदोको उत्पादन बढाउन उचित मात्रामा मलखाद प्रयोग गर्न आवश्यक हुन्छ।

**रोप्ने तरिकाः** पहाडीबाली अनुसन्धान कार्यक्रम काब्रेले हालसम्म गरेको परिक्षणमा प्रति वर्गमिटर क्षेत्रफल जमिनमा १०० बोट कायम गर्दै आएको छ। सामान्यतया रुखो जमिनमा कोदो खेती गर्दा मलिलो माटोको तुलनामा बोट संख्या बढि कायम गर्नपर्ने हुन्छ। कोदोको बेर्ना लाइनमा रोप्ने हो भने एक हारदेखि अर्को हारको दूरी र एक बोटदेखि अर्को बोटको दूरी से.मी. कायम गर्दा राम्रो उत्पादन लिन सकिन्छ।

**सिंचाईः** कोदोको बर्षायाममा लगाइने हुदाँ सुख्ख सहन सक्ने वाली भएकाले र साधारणतया खेती गर्दा सिंचाई गर्नु पर्दैन। तर सिंचाईको सुबिधा उपलब्ध भएमा र जमिन बढि सुख्खा छ भने गाजँ हाल्ने र फूल फूल्ने समयमा सिंचाई गर्दा उत्पादन बढ्ने देखिन्छ। पाखो बारीमा एकल बाली वा मिश्रित वालीको रुपमा कोदो खेति गर्दा झारपातले समस्यम उत्पन्न गर्दछ। ब्याड राखेको २५ दिनमा एक पल्ट गोडमेल गर्दा बेर्नाको बिकास राम्ररी हुन्छ। सामान्यतया मकैसँग मिश्रित वा एकल बालीको रुपमा कोदो खेति गर्दा दुई पटक झारपात गोडमेल गर्नु आवश्यक हुन्छ।

**रोग कीराको ब्यवस्थापनः** यस जातमा लाग्ने मुख्य कीरामा गवारो खुम्रे कीरा , फट्याङग्रा , झुसिलकीरा, लाही, खपटेकीरा आदी हुन तापनी यस बालीको उतपादनमा खास नोक्सानी पु¥याएको पाइदैन। बेर्ना र पातको डढुवा, पातको थोप्ले रोग, मरुवा , कालो पोके आदी कोदोमा लाग्ने मुख्य रोगहरु भए पनि यो जातले यी रोगहरु सहन सक्ने भएकाले बिषदी प्रयोग गर्नु पर्दैन।

**बाली काट्ने र चुट्नेः**यो जातको कोदो रोपेको पाँच महिनामा काट्न तयनर हुन्छ। पाक्ने बेला भएपछि त्यसका ओंलाहरु भित्र तर्फ खम्रिएर खैरो रङ्गका हुन्छन्। नेपालका बिशेषगरी दुई तरिकाबाट कोदो काटिन्छ। कतै हँसियाले कोदोका झप्पाहरु काटेर कपडाको थैलो वा बोरामा ३–४ दिनसम्म राखेपछि लाठीले कुटेर वा गोरुले दाइँ गरेर कोदो झारिन्छ भने कतै कोदोको नल सहित पुरै बोट काटेर त्यसलाई ३–४ दिनसम्म सुकाएरपछि चुटेर झार्ने गरिन्छ।

वर्ष ६ अङ्क ४० २०८२ असार ०८
आईतबार

# पाँचौं भूमे सांस्कृतिक महोत्सवको फोटो फिचर














वर्ष ६ अङ्क ४० २०८२ असार ०८
आईतबार

भूमे गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
खाबाङबगर, रुकुम (पूर्व)

## जनहितमा जारी सन्देश

- जन्म, मृत्यु, विवाह, बसाइसराइँ, सम्वन्ध विच्छेद जस्ता व्यक्तिगत घटनाहरु सम्बन्धित वडा कार्यालयमा गइ ३५ दिनभित्रै दर्ता गराऔं ।
- आफूले तिर्नु/बुझाउनु पर्ने घर जग्गा कर, मालपोत कर, व्यवसाय कर लगायतका कर तथा शुल्कहरु समयमै बुझाउने बानी बसालौं ।
- सार्वजनिक स्थलहरुमा जथाभावी फोहोर नफालौं, आफ्नो घर आँगन सफा राखौं र फोहरको उचित व्यवस्थापन गरौं ।
- आफ्नो वरपर सञ्चालनमा रहेका विकास निर्माण कार्यहरुमा सहभागी हुँदै रेखदेख गरौं ।
- आफ्ना नानी -बाबुहरुको शिक्षा, स्वास्थ्यमा ध्यान पुऱ्याऔं ।
- विद्यालय जाने उमेर समूहका बालबालिकाहरुलाई विद्यालय पठाऔं, आफ्नो समुदाय र विद्यालयहरुलाई बालमैत्री बनाऔं ।
- गाउँघरमा रहेका पुराना पोखरीहरुको संरक्षण गर्दै थप नयाँ पुनर्भरण पोखरीको निर्माण गरी पानीका मुहानहरुको संरक्षण गरौं ।
- बालविवाह सामाजिक अपराध भएकाले २० वर्षपछि मात्र विवाह गरौं र गराऔं ।
- सार्वजनिक सम्पत्ति, ऐतिहासिक, पुरातात्विक सम्पदाहरुको संरक्षण गरौं ।
- वनमा आगलागी हुन नदिन सावधानी अपनाऔं ।
- अपाङ्गता भएका व्यक्तिहरु, असहायहरु, जेष्ठ नागरिकहरु र बालबालिकाहरुलाई आवश्यक सहयोग गर्ने बानी बसालौं ।
- व्यवसाय सञ्चालन गर्दा गाउँपालिका वा सम्बन्धित निकायमा अनिवार्य दर्ता गराइ सञ्चालन गर्ने गरौं ।
- प्राविधिक सल्लाह बमोजिम उन्नत बीउबिजनको प्रयोग गरी कृषिजन्य वस्तुको उत्पादन तथा उत्पादकत्व वृद्धि गरौं ।
- घरेलु हिंसा, लैङ्गिक हिंसा, जातीय भेदभाव लगायतका सबै प्रकारका भेदभाव र हिंसाको अन्त्य गरौं ।
- प्लास्टिक जथाभावी नफालौं, प्लास्टिकको न्यून प्रयोग गरौं, प्लास्टिकमुक्त गाउँ बनाउने अभियानमा सबैले सहयोग गरौं ।